नेपाल सरकार

# सङघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

आर्थिक प्रशासन शाखा

फो.नं.
४२०००००
४२००४६०
४२००२८७
सिंहदरबार काठमाण्डौं

प.सं. आ.प्र. शाखा ०७४/७५
च.नं. २०

मितिः २०७४।०४।०५

विषयः ***लेखापरीक्षण गराउने सम्वन्धमा ।***

श्री स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग
श्री केन्द्रिय पञ्जीकरण विभाग
श्री जिल्ला समन्वय समितिको कार्यालय सवै (७५)
श्री स्थानीय तह सवै (७४४)
श्री आयोग/आयोजना/परियोजना/कार्यक्रम/समिति/प्रतिस्ठान सवै ।

प्रस्तुत विषयमा महालेखा परीक्षकको कार्यालय, संगठन विकास तथा व्यवस्थापन महाशाखाको च.नं. ४ मिति २०७४।०४।०१ को पत्रवाट आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११६ मा व्यवस्था भए अनुसार "लेखा परीक्षण गराई मात्र रमाना दिने (१) आर्थिक कारोवार गर्ने कार्यालय प्रमुख र आर्थिक प्रशासन शाखा प्रमुखको सरुवा हुँदा निजहरुको पालाको आन्तरिक लेखापरीक्षण गराई भएको जवाफ वा प्रमाण पेश गर्न लगाई हालवालालाई वा हालवालालाई वुझाउने गरी मातहत कर्मचारीलाई वुझाई बरवुझारथ भएपछि मात्र रमाना लिनु दिनु पर्नेछ । वुझ्नेले पनि सो वमोजिम वुझिलिई अन्तिम लेखापरीक्षणको जवाफदेही लिनु पर्नेछ । यस्तो अवस्थामा सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले पनि आन्तिरक लेखापरीक्षण तत्काल गरिदिनु पर्नेछ । बरबुझारथ गर्नु पर्ने व्यक्तिले श्रेस्ता तयार गरी आन्तरिक लेखापरीक्षणको लागि सात दिनभित्र पेश गर्नु पर्नेछ । आन्तरिक लेखापरीक्षणवाट निस्केको वेरुजुको जवाफ पनि सात दिन भित्र दिई बरबुझारथ सम्पन्न गरी निजामती सेवा सम्वन्धी प्रचलित कानूनले तोकेको समयभित्र रमाना लिई सक्नु पर्नेछ । (२) उपनियम (१) वमोजिम आन्तरिक लेखापरीक्षण नगराई रमाना दिन नसकिने अवस्था भएमा सम्वन्धित सचिवको स्वीकृति लिएर मात्र रमाना दिनु पर्नेछ । श्रेस्ता पेश नगर्ने, आन्तरीक लेखापरीक्षण नगर्ने नगराउने र जवाफ दिन आदटाल गर्ने उपर विभागीय कारवाही गर्नु पर्नेछ" भनि महालेखा परीक्षकको कार्यालयकवाट पत्र प्राप्त हुन आएको हुँदा सो को पूर्णपालना हुने गरी लेखी आए अनुसार गर्नु गराउनु हुन निर्देशानुसार अनुरोध छ ।

(ढुण्डी प्रसाद निरौला)
**उपसचिव (लेखा)**

***वोधार्थः***

श्री सूचना तथा विधुतीय शासन शाखा
मन्त्रालयको Web Site मा राखिदनुहुन ।